दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक १६१ | बुटवल | २०८२ जेठ २४, गते शनिबार | नेपाल संवत ११४५ | Saturday June.07, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


## बिहे नभएको रिसमा बुबा र छिमेकीको हत्या



बुटवल । पश्चिम नवलपरासीको सुनवलमा २५ वर्षीय एक युवाले आफ्नै बुबा र छिमेकीलाई कोदालो प्रहार गरी हत्या गरेका छन् । सुनवल नगरपालिका वडा नं. २ अमरैयामा २५ वर्षीय हेमराज थारुले शुक्रबार बिहान करिब १०:३० बजे ५० वर्षीय बुबा जयराम थारु र छिमेकी ७० वर्षीय नाथु धरिकारको हत्या गरेका हुन् । सुरुमा आफ्नो बुबालाई आक्रमण गरेका उनले उद्धार गर्न आएका छिमेकीलाई समेत एउटै कोदालोले हानेर दुवैको हत्या गरेको सो वडाका वडा सदस्य विकास क्षेत्रीले बताए ।

घटनास्थलमै दुवैको ज्यान गएको प्रहरीले जनाएको छ। घटनापछि इलाका प्रहरी कार्यालय सुनवलबाट खटिएको टोलीले हेमराजलाई नियन्त्रणमा लिएको छ । जिल्ला प्रहरी कार्यालय नवलपरासीका सूचना अधिकारी डीएसपी वीरदत्त पन्तले हत्या अभियुक्तलाई पक्राउ गरी थप अनुसन्धान अगाडि बढाइएको जानकारी दिए ।

प्रहरीले घटनास्थलमा कोदालो बरामद गरेको छ भने हत्या किन र कसरी भयो भन्ने विषयमा प्रारम्भिक अनुसन्धान जारी रहेको जनाएको छ। स्थानीयका अनुसार हेमराजले केही समयअघि मानसिक समस्या भएकोले उपचार गराएपछि ठीक भएको थियो ।

चौधरीको छिमेकी समेत रहेकी सुनवल २ की वडा सदस्य लक्ष्मीकुमारी हरिजनले हेमराजले बुवासँग पटक-पटक बिहे नगराएको भन्दै विवाद गर्दै आएको बताइन् । 'हेमराज अविवाहित थिए, बिहे नगराइदिएको भन्दै छोराले गाली गरेको कुरा उनको बुवाले पहिले पनि सुनाएका थिए, आज त बिहानै यस्तो घटना सुन्नुपऱ्यो ।'- उनले भनिन् ।

## पौडी खेल्न गएका दुईजनाको मृत्यु

बुटवल। भेरी नदीमा पौडी खेल्न गएका दुई जना बालबालिकाको मृत्यु भएको छ भने अन्य एकजना बेपत्ता भएका छन्। जाजरकोटको नलगाड नगरपालिका- ८, मन्मैमा पौडी खेल्ने क्रममा शुक्रबार दिउँसो तीन जना बालबालिका बेपत्ता भएका थिए।

जसमध्ये दुई जनाको ज्यान गएको र एक जना बेपत्ता रहेको जिल्ला प्रहरी कार्यालय जाजरकोटका प्रमुख डीएसपी बसन्तकुमार शर्माले जानकारी दिए।

उनका अनुसार मृत्यु हुनेमा नलगाड नगरपालिका- ८ मन्मै बस्ने टेकबहादुर नेपालीकी १६ वर्षीया छोरी भगवती नेपाली र सोही ठाउँका सुरेन्द्र कुसारीको अन्दाजी १२ वर्षीया छोरी आशा कुसारी रहेका छन्।

सुरेन्द्रकी १० वर्षीय छोरा महेश कुसारी बेपत्ता रहेको जाजरकोट प्रहरीले जनाएको छ।

# जथाभावी उत्खनन्ले विपद्को जोखिम, अनुगमन गर्न बेवास्ता हुँदा मनपरी उत्खनन्

### तिलोत्तमाकी उप-प्रमुख जगेश्वरदेवी चौधरीले सीडीओ र एसपीले नगरपालिकाले सहयोग मागेका बेला सुरक्षाकर्मी नपठाइदिँदा अनुगमनमा जाँदा ठेकेदार पक्षबाट असुरक्षित महसुस गरेर फर्कनुपरेको गुनासो गरिन्।



**लुम्बिनी संवाददाता**
*बुटवल*

नियामक निकायको 'झारा टार्ने' अनुगमनका कारण रुपन्देहीको तिनाउलगायत विभिन्न नदी र खोलाबाट मापदण्डविपरीत उत्खनन् र ढुंगागिट्टीको चोरी निकासीले निरन्तरता पाएको छ।

स्थानीयको गुनासो र केही सञ्चारमाध्यममा समाचार प्रकाशनपछि चार दिनअघि अनुगमन भए पनि त्यसयता अनुगमन भएको छैन । नियमितरुपमा प्रभावकारी अनुगमन र नियमविपरीत गर्नेलाई कारबाही नहुँदा नदी खोलाहरु ठेक्का पाएका व्यक्तिको कब्जामा परेका छन् ।

यसअघिको अनुगमनमा घाटगद्दीमा लैजानुपर्ने ढुंगागिट्टी तिलोत्तमा ६ को कश्यप रोडा उद्योगमा पुऱ्याएको पाइएपछि प्रशासनले कश्यपको बिक्री बन्द गराएको बताएको थियो ।

तर त्यहाँ शुक्रबार बिहानसम्म नियमितरुपमा टिप्परले ढुंगा, गिट्टी, बालुवा भित्राइरहेको प्रत्यक्षदर्शी मोतीपुरका मधु अर्यालले बताए । यस्तै गोरकट्टा पुल उत्तरतर्फबाट निकालिएको ढुंगा, गिट्टी, बालुवा बुटवल १८ स्थित कालिका रोडा उद्योगमा भित्रिने गरेको अर्यालले बताए। 'घाटगद्दीमा जानुपर्ने म.प्र. ००१ क ३०८७ नम्बरको टिप्पर क्रेसर उद्योगतर्फ गएको मैले देखेको थाहा पाएपछि चालकले फर्काए,' अर्यालले भने-'घाटगद्दीमै जानुपर्ने बा.प्र. ०३-००१ क १२९३ नम्बरको टिप्पर भने कालिका रोडाभित्रै पुगेर ढुंगा, गिटट्री, बालुवा खसालेर फर्कियो ।'

नियमविपरीत क्रेसर उद्योगमा ढुंगा गिट्टी लगेको प्रमाण भेटिएपछि निश्चित अवधिका लागि उद्योग शिल गर्नुपर्नेमा राज्य पक्षले छुट दिनु अख्तियारको दुरुपयोग भएको अर्यालले औंल्याए।

'खोलाबाट आएका दर्जनौं टिप्परहरु पालिकाले तोकेको ठाउँमा घाटगद्दी नगरी सिधैं क्रेसर उद्योगहरुमा निरन्तर ढुवानी गरेका छन्, बिक्री बन्द गरेको भनिएकोमा भएको छैन, हामीसँग भिडियो रेकर्ड पनि छ,' अर्यालले भने-'यो त नाम मात्रैको अनुगमन र कारबाही भयो, ठेकेदारका सामु राज्य निरीह बन्दा राज्यको करोडौं मूल्यको ढुंगागिट्टी चोरी निकासी भएको छ, वातावरणमा गम्भीर असर परेको छ।'

रुपन्देहीकै सियारी गाउँपालिका-७ को भर्तापुर नाकामा नदीको वहाव तिलोत्तमातर्फ सारेर उत्खनन् भइरहेको स्थानीय रामप्रसाद केवटले बताए। त्यहाँ ठेकेदारले रातको १० बजेसम्म र बिहान ४ बजेदेखि नै खोलामा उत्खनन् गर्ने गरे पनि प्रशासनले नरोकेको उनको भनाइ छ।

नदीको बहाव परिवर्तन गरिंदा विद्युत्को हाइटेन्सन लाइन पोल समेत जोखिममा परेको उनले बताए।

'यहाँ राति १० बजेसम्म र बिहान ४ बजेबाटै खोला खन्न सुरु हुन्छ, स्थानीयले विरोध गर्दा ठेकेदारका मान्छेले कुटपिट गरेर लखेट्छन्,' केवटले भने-'खोलाको धार परिवर्तन गराएर व्यक्तिको जग्गामा समेत खन्ने काम भएको छ, तर अनुगमन गरेर रोक्ने काम भएन।'

तिलोत्तमा १४ कै बागधुरा नाकामा नगरपालिकाको कार्यादेशविपरीत उत्खनन् गरेको पाइएपछि प्रशासनले उत्खनन् रोकेर घाटगद्दी नापजाँच अघि बढाएको छ।

तर ठेकेदार पक्षले आफू, प्रमुख प्रशासकीय अधिकृत र नगर प्रहरी समेतलाई धाकधम्की दिने र सर्वसाधारणलाई कुटपिट समेत गर्दै उत्खनन् खोल्न अनुचित दबाब दिएको उप-प्रमुख चौधरीले स्वीकार गरिन् । 'नगरपालिकाले मात्रै ठेकेदारको मनोमानी रोक्न सकेको छैन, सीडीओ र एसपीले रोक्न भूमिका बढाउनुपर्ने हो, तर हामीले भनेको बेला सुरक्षाकर्मीहरु पठाउँदैनन्,' चौधरीले भनिन्-'अनुगमनमा जाँदा हामी जनप्रतिनिधि नै असुरक्षित महसुस गरेर फर्किने गरेका छौं, यसले ठेकेदारहरुको मनोमानी बढेको छ, यो असाध्यै चिन्ताको विषय बनेको छ।' ठेकेदार पक्षले उत्खनन् स्थल, क्रेसर उद्योग र मान्छेको आवत जावत हुने क्षेत्रमा कर्मचारी परिचालन गरेर सरकारी अनुगमन टोली आउने सूचना पहिल्यै पाएर बद्मासी लुकाउने गरेको उप-प्रमुख चौधरीको भनाइ छ।

तिलोत्तमा ६ का वडाध्यक्ष गणेश पाठकले अर्को वर्षदेखि खोलाको ठेक्का बन्द गरी पालिका आफैंले उत्खनन् र घाटगद्दी गर्ने अनि बल्ल बिक्रीका लागि टेण्डर गर्ने विधिमा जानुपर्ने बताए।

जिल्ला समन्वय समिति प्रमुख उमाकान्त चापागाईंले कात्तिक-मंसिरबाटै खोलाको ठेक्का लगाउने प्रक्रिया अघि बढाउन पालिकाहरुलाई आग्रह गरे पनि बेवास्ता गरेर सबै पालिकाले एकैचोटी जेठमा ठेक्का लगाउँदा मनपरी दोहन र चोरीले प्रश्रय पाएको बताए।

» *बाँकी ३ पेजमा*

# पकेट क्षेत्र घोषणा गरेर कृषिमा उचित लगानी बढाउँदै बुटवल



**प्रतिमा गौतम**
*बुटवल*

म एउटा गीत हुँ यस्तै कर्मयोग सिकाउने,
आफू बाँचेर धर्तीमा अरूलाई बचाउने ।

कवि दैवज्ञराज न्यौपानेको कविताको हरफले भनेझैं बुटवलका किसानले कृषिलाई जीविकोपार्जनको बलियो आधार बनाउन सफल भएका छन् । कृषिक्षेत्रको बजेटको सही लगानी गरेर बुटवल उप-महानगरपालिका धेरै कर्मयोगी किसानको सारथी बन्न सफल भएको छ ।

जग्गा बाँझो राखेर कृषिमा परनिर्भरता बढिरहेको बेला बुटवल उप-महानगरपालिकाभित्र २० वटा कृषक समूह र २६ कृषि सहकारी संस्था २५ वटा कृषि पकेट क्षेत्र , ८० वटा कृषि फर्म निमार्ण गरी किसानहरु निर्वाहमुखी खेती प्रणाली छाड्दै आधुनिक र व्यवसायिक खेती प्रणाली अपनाउन थालेका छन् ।

मोतीगंजका अगुवा युवा कृषक मुक्तिप्रसाद गैरेले आफूसँगै ४१ जना किसानको जीवनस्तर सुधारिएपछि खुसी भएको र विदेशको मोह पनि हराएको बताए ।

रुपन्देहीको बुटवल उप-महानगरपालिका-१४ सेमलार, मोतीगंजका किसानहरु बुटवल उप-महानगरको प्राविधिक सहयोगमा खास गरी मकैखेती व्यवसायिक रुपमा उत्पादन गर्न थालेपछि उनीहरुले वार्षिक लाखौं रुपैयाँ आम्दानी गर्न सफल भएका छन् ।

२०७८ सालमा सेमलार र मोतीपुरका २ लाख ५० हजारको लागतमा १६ जना कृषकबाट सुरु भएको काम पछिल्लो समय ४१ जना किसानले ३० बिघा जग्गामा सामूहिक मकैखेती गरेका छन् । बुटवल उप-महानगरपालिकाको सहयोगमा विशेष पकेट क्षेत्र बनाएर व्यवसायिक उत्पादन गर्ने उद्देश्यसहित मकैखेती सुरु गरेका किसानले पहिलेको तुलनामा ३ गुणासम्म उत्पादन वृद्धि हुनुका साथै वार्षिक लाखौं रुपैयाँ आर्जन गर्न सफल भएको बताएका छन् । प्रविधि र ज्ञान उपलब्ध भएका कारण पहिलेको तुलनामा उत्पादन वृद्धि भएको रानीगञ्ज मकै पकेट क्षेत्रका अध्यक्ष समेत रहेका कृषक गैरेले बताए ।

बुटवल उप-महानरपालिको आफ्नै नीति र कार्यक्रमअनुसार हाल कृषि विकास कार्यक्रम के पाइन्छ होइन के चाहिन्छ भन्ने नीति अनुसार अगाडि बढेको छ ।

विशेषगरी १९ वटा वडामध्ये १४ देखि १९ लाई व्यवसायिक पकेट क्षेत्र सञ्चालन गरेको छ । बुटवल उप-महानगरपालिकामा २९ सय ६० हेक्टर जग्गामा खेती गरिएको छ । विभिन्न कृषक समूह सहकारी संस्था टोल विकास संस्था, आमा समूहहरु र उद्यमी कृषकहरुले यो कार्यक्रम सञ्चालन गरेको छ ।

कृषक मुक्ति गैरेका अनुसार बुटवल उप-महानगरपालिकाको सहयोगमा विशेष पकेट क्षेत्र बनाएर व्यवसायिक उत्पादन गर्ने उद्देश्यसहित मकैखेती सुरु गरेका किसानले पहिलेको तुलनामा ३ गुणासम्म उत्पादन वृद्धि हुनुका साथै वार्षिक लाखौं रुपैयाँ आर्जन गर्न सफल भएको बताएका छन् । सुरुमा पकेट क्षेत्र बनाउन निकै गाह्रो भएको थियो । १६ जना कृषक समूहबाट २ बिघा जग्गाबाट सुरुवात गरेको यो पकेट क्षेत्र अहिले झैं ३० बिघाभन्दा माथिको क्षेत्रमा पुग्न सफल भएको उनले बताए ।

भ्यालु चेन्ज र भ्यालु एडको कार्यक्रम सञ्चालन गरेर हरियो मकै बिक्री नभएर बाँकी रहेको मकै सुकेपछि आटो पिठो बनाएर उपभोग गर्न र बेच्नका लागि आटो, पिठो बनाउने मेसिन किन्न पनि उप-महानगरपालिकाले अनुदान दिएको छ ।

» *बाँकी ३ पेजमा*


पाल्हीनन्दन गाउँपालिकाको अनुरोध

हावाहुरीबाट बचौं र बचाऔं ।

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं ।
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

पाल्हीनन्दन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (बसुप), लुम्बिनी प्रदेश नेपाल

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
२०८२ जेठ २४ गते, शनिबार
तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

भग्न सपनाका सिलाहरू पनि बिन्दै आउन सक्छ
तपाईंको तीव्र प्रगतिलाई पनि उछिन्दै आउन सक्छ
विगत यस्तो उस्तो भनेर कसैको अवमूल्यन नगर्नुस्
नतिजा तपाईंको अनुमानभन्दा भिन्दै आउन सक्छ

– रुद्र ज्ञवाली

# पुष्पलाल जन्म शताब्दीको अवसरमा समालोचनाका केही विषयहरू



रामचन्द्र श्रेष्ठ



पुष्पलालको जन्म शताब्दी (१९८१ असार १५-२०३५ साउन ७)को अवसरमा पुष्पलालका योगदान र कर्महरूबारे अनेकौं विचार विमर्शहरू आयोजना भइरहेका छन्। पुष्पलालका व्यक्तित्व र कृतित्वबारे चर्चा गरिरहँदा यी विषयहरूमा समालोचना गर्नु उपयुक्त मनासिब हुनेछ।

- पुष्पलालको राजनीतिक जीवनबारे विवेचना गर्दा ध्यान दिनुपर्ने पक्ष भनेको उनको व्यक्तित्वको विनिर्माण हो । शीतयुद्ध प्रारम्भ भइसकेको र स्वतन्त्रता संग्रामहरूले विजय प्राप्त गरी स्वाधीन राष्ट्रहरू बनिरहेको त्यो समय नेतृत्वदायी छविको निर्माणको पनि थियो । हरेक देश र हरेकजस्तो विचारधारामा एउटा एउटा आइकन स्थापित भइरहेका/गराइरहेका थिए । भारतीय राष्ट्रिय आन्दोलनमा गान्धी, नेहरू, चीनमा माओ, भियतनाममा हो चि मिन्हमात्र नभई नेपालमै पनि बीपी कोइराला एउटा नायकको रूपमा स्थापित गराइएका थिए। महेन्द्रको निरंकुश शासनमा जेलमा बन्दी भए पनि वा निर्वासित भए पनि उनी आफ्ना कार्यकर्ता र समर्थकमाझ एउटा नायकका रूपमा स्थापित भए। तर, नेपाली कम्युनिष्ट आन्दोलनको संस्थापक नेता भइकन पनि पुष्पलाल त्यो तहमा स्थापित भएनन् वा गराइएनन्। किन ? यसका केही निश्चित कारण छन् । पहिलो, नेपाली कम्युनिष्ट आन्दोलनको पहिलो चरणमै केन्द्रीय तहका नेताहरू अधिकांश उच्च मध्यम वर्गीय परिवारबाट आएका थिए। उनीहरू पुष्पलालजस्तो कम पठित र निम्न मध्यमवर्गीय परिवारबाट आएका व्यक्तिलाई नेता मानिरहन चाहँदैनथे। उनलाई चीन जान रोकेको र उनको कार्यक्रम पारित हुँदा पनि महासचिव नबनाएकोबाट यो पुष्टि हुन्छ। अर्कोतर्फ, आज पुष्पलालको चर्चा गर्नेमध्ये अधिकांश वा सबैजसोको पृष्ठभूमीमा कुनै न कुनैबेला पुष्पलालको विरोधको इतिहास छ। चाहे त्यो झापाली समूहको पृष्ठभूमीमबाट आएको होस् वा पुष्पलालबाट विभाजित भएकाहरू नै। यस्तो किन भयो त ? ०१७ सालपछि रायमाझी भंगालोमा नजाने कम्युनिष्टहरू पनि पुष्पलालको विरोधी किन बने र किन 'गद्दार'जस्तो उपमा उहाँलाई लगाइयो ?'क्रान्तिकारी रुमानी'ले नेपाली कम्युनिष्ट आन्दोलनमा पारेको प्रभावबारे गहिरो, निर्भिक र स्वतन्त्र समीक्षा जरुरी छ। हामीलाई नायक चाहिन्छ कि चाहिँदैन ? यो प्रश्नको विषय हो तर पुष्पलालको नायकत्वलाई स्थापित हुन नदिएको हामीले नै हो।
- बीपी कोइरालाका जस्ता डायरी, संस्मरण, साहित्य लगायतका पुष्पलालका सिर्जना हामीसँग उपलब्ध छैन। त्यसैले उहाँको मानवीय स्वभावबारे विस्तृत थाहा पाउन सकेका छैनौं। २००९ सालमा प्रगतिशील लेखक संघ गठनमा योगदान गरेका पुष्पलालका साहित्यिक रचनाहरू पनि छन् कि ? जीवनको अन्त्यतिर बनारसमा सबै पुराना साथी, कमरेडबाट दुत्कारिएका वा परित्यक्त, आर्थिक अभावले पिरोलिएका, परिवारबाट टाढा रहेका पुष्पलाल आफ्नो जीवनलाई कसरी सिंहावलोकन गर्नुहुन्थ्यो होला ? जीवनको अन्तिम क्षणमा पुष्पलालले आफ्नी पत्नी सहाना प्रधानलाई 'तिम्रो निमित्त केही गर्न सकिन। अब अगाडिका कामहरू पक्कै पनि तिमीले गर्छ्यौ होला' भन्नुभएको थियो। एकातिर वैयक्तिक सुख दिन नसकेको पीडाबोध र अर्कोतिर बाँकी काम अर्थात् क्रान्तिको अधुरो कार्यभार पूरा गर्ने आशाले पुष्पलालको व्यक्तित्व एउटा महत्त्वपूर्ण पक्ष उजागर गर्छ।
- भारतीय कम्युनिष्ट आन्दोलनमा कमिन्टर्नको प्रभाव बढी भएकाले नेपालमा पनि रुसी क्रान्तिको सफलताको प्रभाव परेकै थियो । तर, पुष्पलालको वैचारिकी निर्माणमा भने रुसी पद्धतिभन्दा बढी चिनियाँ क्रान्तिको सफलता र माओको शैलीको प्रभाव परेको देखिन्छ। माओ विचारधाराबाट प्रभावित नृपेन्द्र चक्रवतीलगायतका बंगाली कम्युनिष्टहरूको सरसंगतबाट उहाँमा कम्युनिष्ट विश्लेषण पद्धतिको निर्माण भएकाले त्यसको प्रभाव प्रष्ट देखिन्छ जसको उदाहरण हो, उहाँले गरेको समाज विश्लेषण। माओको 'चिनियाँ समाजमा वर्गहरूको विश्लेषण' सरह नै नेपाली समाजको वर्ग-विश्लेषण। यसले नेपाली कम्युनिष्ट आन्दोलनलाई एउटा जगमात्र प्रदान गरेन दीर्घकालसम्म प्रभाव पार्ने राजनीतिक कार्यक्रम पनि दिइरह्यो। नेपाल 'अर्धसामन्ती र अर्धऔपनिवेशिक' भएको र यसको क्रान्तिको लक्ष्य 'नौलो जनवाद' हुनुपर्ने निष्कर्षले नेपाली कम्युनिष्ट आन्दोलनलाई आज पर्यन्त प्रभाव पारिरहेको छ। आजको नेपाली समाजको विश्लेषण पुष्पलालबाट कति नजिक वा कति टाढा हुन्छ ?
- पुष्पलालले आफ्नो समयको नेपाली समाजको अध्ययन गर्ने कोशिस गर्नुभयो। हरेक व्यक्तिका जस्तै उहाँका पनि सीमाहरू थिए। विश्वविद्यालयको लामो पृष्ठभूमि पनि नभएको र अर्कोतर्फ आफूभन्दा अगाडि नेपाली समाजलाई मार्क्सवादी दृष्टिकोणले विश्लेषणको कुनै पनि प्रयत्न नभएको अवस्थामा नेपाली क्रान्तिको कार्यक्रम निर्माण गरेर दिशानिर्देश गर्नु घनघोर अँध्यारोमा दियो बालेसरह नै थियो। तर पनि अर्थराजनीतिको अध्ययनको कमी भने पुष्पलाल र सिँगो नेपाली कम्युनिष्ट आन्दोलनमा खट्किरहेको पक्ष हो। नेकपाको घोषणापत्रको क्रममा देशको २५ प्रतिशत जनसङ्ख्या देश बाहिर छ भनी पुष्पलालले उल्लेख गर्नुभएको थियो। अहिले देशको कूल ग्रार्हस्थ उत्पादनको २५ प्रतिशत विप्रेषणले धानिरहेको छ। पुष्पलालको समयभन्दा निकै फरक विश्व परिवेशमा छौ हामी। विश्वभर नै औसत आयु बढेको छ, मातृ तथा शिशु मृत्युदर ह्वात्तै घटेको छ, विद्यालय शिक्षामा पहुँच बढेको छ। नेपालकै हकमा हिजोजस्तो चरम गरिबी र अभाव छैन। पुष्पलालले नेपाल कम्युनिष्ट पार्टीको घोषणापत्र लेख्दा आधारभुत आवश्यकता नै ठूलो विषय थियो।

अहिले त्यो अवस्था छैन । तर, असमानताका नयाँ रूपहरू छन् । देश विश्व पूँजीवादी प्रणालीको अभिन्न अंग भइसकेको छ । परिधिमा धकेलिएको नेपालले विश्व एकाधिकार पूँजीवादको लागि सस्तो श्रम उपलब्ध गराइरहेको छ। विश्वव्यापीकरणसँगै नेपाली युवाहरू विश्व पूँजीवादका मजदूर भएका छन् जसले उनीहरूको वैयक्तिक जीवनस्तर उकासिदिएको छ। हरेक तेस्रो मानिसको खुट्टामा जुत्ता नहुने अवस्था अब छैन। तर, श्रम प्रवासन चुलिँदो छ। हातमा स्मार्ट फोन बोकेर डिजिटल प्रविधिको उपयोग गरिरहेको आजको मजदूर वर्ग विश्व पूँजीवादको सपना देखिरहेछ। असिमित आकांक्षाले थिचिएको युवा पुस्ता एक्लो र व्यक्तिवादी बनेको छ। स्पष्टतः अब पुष्पलालको निष्ठा र प्रतिबद्धताले मात्रै हामीलाई पुग्दैन। त्यो भाष्यले मात्रै हामीलाई पुग्दैन।

वैयक्तिक स्वतन्त्रतालाई केन्द्रमा राखेको र त्यो स्वतन्त्रताको धेरथोर उपयोग गरिरहेको युवाका निम्ति हिजोको समाजवादी अवधारणाले कत्तिको उद्वेलित गर्ला ? यो प्रश्न किन पनि आवश्यक छ भने, नेपालमा कम्युनिष्ट आन्दोलन अवसानउन्मुखमात्र छैन, असन्तोषको कारक पनि भएको छ। एकपछि अर्को आन्दोलनको पतन, नेतृत्वको विघटन, सत्तापासोमा अल्झिएको यथार्थले जुन निराशा पैदा गरेको त्यो निराशालाई चिर्ने आशाको स्रोत हामीसँग के छ ? पुष्पलाल हाम्रा निम्ति आदर्श हुनसक्छन् तर त्यो आदर्शलाई हामी आफैँले सत्ता स्वार्थको भऱ्याङ बनाएको तितो यथार्थ बिर्सन सकिँदैन।

- कम्युनिष्ट घोषणापत्र प्रकाशन लगत्तै नेकपा गठन गर्ने क्रममा पुष्पलालले नृपेन्द्र चक्रवर्तीसँग आर्थिक सहयोगको अपेक्षा गर्नुभएको थिए।

चक्रवर्तीको भनाई थियो– नेपाली कम्युनिष्ट आन्दोलन नेपाली जनताको खुट्टामा उभिनुपर्छ। चक्रवर्तीको जवाफले पुष्पलाल औधी प्रभावित हुनुभएको थियो। आन्दोलन आफ्नै खुट्टामा उभिएको हुनुपर्छ भन्नेमा पुष्पलाल जीवनपर्यन्त सचेत हुनुहुन्थ्यो। यहीं कोणबाट आजको कम्युनिष्ट आन्दोलनको विमर्श गरौं। नेपाली कम्युनिष्ट आन्दोलन कति नेपाली जनताको भरमा छन् ? कतिपय कम्युनिष्ट नामधारी पार्टीहरूबाट आइएनजिओ/एनजिओ हटाइदिने हो भने के बाँकी रहँला भन्ने प्रश्न नजायज नहोला। के नेपाली कम्युनिष्ट आन्दोलनले नेपाली समाजको खास अन्तरविरोधहरूलाई पहिचान गर्न सकेको छ ? वा 'थोपरिएको' ज्ञानलाई शिरोधार्य गरिरहेको छ ?

- पुष्पलालले कम्युनिष्ट घोषणापत्रको अनुवाद प्रकाशन गर्दै गर्दा सोभियत संघ विश्व कम्युनिष्ट आन्दोलनको स्तम्भको रूपमा खडा थियो भने चिनियाँ कम्युनिष्ट आन्दोलन विजयको सम्मुख थियो। पुष्पलालको जीवनकालमै सोभियत संशोधनवाद शुरु भयो र महान बहसको थालनी भयो। सोभियत संघको २०औं महाधिवेशनमा सहभागी भएका पुष्पलालले स्टालिनको निन्दाप्रति असन्तुष्टि जनाएका अपुष्ट भनाइहरू पनि छन्।

अहिले संसारभरी नै वाम आन्दोलन रक्षात्मक अवस्थामा पुगेको छ। सोभियत संघको विघटनपश्चात् यो अवस्था सिर्जना भएको विश्लेषण गरिने गरिएता पनि सोभियत अभ्यासबाटै यसको मूल्याङ्कन आवश्यक छ। राज्यको विलोपीकरणको परिकल्पना गर्ने मार्क्सवादी दर्शनको राज्य अभ्यास किन राज्य केन्द्रित र बलियो राज्य निर्माणमै केन्द्रित भयो ? कर्मचारीतन्त्रमा आधारित शासन व्यवस्थाको वेबर मोडललाई नै किन जोड दिइयो ? र, के त्यो अभ्यास सोभियत संघमा मात्रै सिमित भयो त ? चीनसहित पूर्वी एशियाली अभ्यासहरू किन भिन्नै हुन सकेनन् ? सोभियत संघको विघटनका जगहरू कहाँ थिए ? र, सोभियतको विघटन लगत्तै किन रुस ओलीगार्चीमा विकसित हुनसक्यो ? त्यसका बीजहरू सोभियत समाजवादमै कसरी रोपिए ?यी यस्ता केही प्रश्नहरू हुन् जसले हामीलाई मार्क्सवादको सोभियत र चिनियाँ अभ्यासभन्दा पर उभिएर विश्व कम्युनिष्ट आन्दोलनको विवेचना गर्नुपर्ने बिन्दुमा पुऱ्याउँछ।

- पुष्पलालले थालनी गरेको नेपाल कम्युनिष्ट आन्दोलन अनेकौ पार्टीमा विभाजित भयो। अनेकौ धार समातेर अगाडि बढ्यो। पुष्पलालले सारेको तत्कालीन कार्यक्रमजस्तै दुई-दुई पटक संयुक्त जनआन्दोलन भयो। पुष्पलालले 'सशस्त्र किसान संघर्ष' भनेजस्तै 'सशस्त्र संघर्ष' पनि भयो। नेपालबाट राजतन्त्र अन्त्य भई गणतन्त्र स्थापना पनि भयो । नेपाली कम्युनिष्टको एउटा धारा संसदीय अभ्यासलाई नै जोड दिन पुग्यो र पटक-पटक सरकारको नेतृत्व गऱ्यो।

पुष्पलाल यसरी 'बुर्जुवा स्थायी राज्यसत्ता' विद्यमान भएको सरकारमा सहभागिता र नेतृत्वबारे के सोच्नुहुन्थ्यो होला ? के यो पुष्पलालको 'नयाँ जनवाद'को कार्यक्रम थियो वा पहिलो महाधिवेशनबाटै देखापरेको मनमोहनको लाइनको विकसित रूप हो ? अर्कोतर्फ, सरकारको नेतृत्व गरेका कम्युनिष्ट पार्टीहरूले साँच्चै मार्क्सवादी सिद्धान्त अनुसार कति योगदान गर्न सके ? 'नौलो जनवाद'को कार्यक्रम अनुसार नै सरकारको नेतृत्व गरेको स्वीकार्ने हो भने पनि 'राष्ट्रिय पूँजी'को विकास गर्दै समाजवादको आधार तयार गर्न के कति योगदान गरे ?

- नेपाली कम्युनिष्टहरूको विभिन्न तहको शासन अभ्यास हेर्दा खट्किने महत्त्वपूर्ण पक्ष हो– कम्युनिष्ट ढंगको शासन अभ्यास नहुनु। कुनै बुर्जुवा सरकार र 'कम्युनिष्ट सरकार'बीचमा आधारभूत भिन्नता देखिदैन। उदाहरणको लागि, सशस्त्र संघर्ष गरेर आएको माओवादीले नेतृत्व गरेको, माओवादी गढको रूपमा चिनिएको, युद्धकालमा 'कम्युन'को अभ्यास गरिएको भनिएको रोल्पमा पनि 'विकास'को परिभाषा र मोडेल 'भ्यु टावर' बनाउने नै छ।

यो नेपाली कम्युनिष्ट आन्दोलनको सैद्धान्तिक विचलन, प्रवृत्तिगत समस्या वा ज्ञानको कमी के हो ? नेपाली समाजको गहन अध्ययन र ज्ञान उत्पादन नेपाली कम्युनिष्ट आन्दोनलको सबैभन्दा कमजोर पक्ष हो।

## कविता

### समय–साक्षात्कार

गोविन्द वर्तमान

मौद्रिक समयको आहालबाट उठेर
टक्टक्याउँदै रंगीन भ्रमका पानीहरू
निस्पन्द मानिसहरूका भीड समक्ष
शब्दका आँसुहरू खसालेर घण्टौसम्म
जब आएँ शहरमा
मेरो प्रतिवाद निभे शहरका बत्तीहरू
मुस्कान मऱ्यो मित्रहरूका ओठबाट
आफ्नै इच्छाहरूबाट थाकेर
मनका गोडाहरू गले
जब मसँग मेरो शरीर सिवाय थिएन
यसरी प्रस्तुत भयो
म समक्ष
मेरो राजनीतिक स्वतन्त्रता।

दिनहरूको आयतनभरि
हल्लिन थाले 'हरर मुभी'का दृष्यहरू
बालुवाको पहाडबाट
मानिसको रगत सरेली खेल्दै सुक्यो
हिसाब दुरुस्त गर्न नाफा नोक्सानको
खप्परभित्र मानिसहरू
गिदी झिकेर भर्न थाले क्याल्कुलेटरहरू
सम्बन्धहरूको सामीप्य
र नाताहरूको निकटता
कम्प्युटरको सूचनामा आधारित भयो
नोटहरूले दिन थाले
सफलताको प्रमाण
जब मसँग मेरो शरीर सिवाय थिएन
यसरी प्रस्तुत भयो
म समक्ष
मेरो राजनीतिक स्वतन्त्रता।

यन्त्रनदी बेगसँग बग्न थाल्यो राजमार्गमा
सँगसँगै दौडिनथाले चुनावका नाराहरू
भोकको अनुहार प्रफुल्ल भयो
रातको आकाशमा टाँगिन थाले
काला सर्पका राता जिब्राहरू
टुथब्रसको भाउ एक्कासी बढ्यो
र हाम्रा दाँतहरू पहेंला भए
आयातीत बन्दूकविरुद्ध
यथावत् छन् लामा नङहरू हामीसित
तिनै भए हाम्रा हतियारहरू
यसरी यो भयावह भुईंमा
हाम्रा सपनाका भग्नावशेषहरू
प्रजातन्त्रका गहनाहरू भए
जब मसँग मेरो शरीर सिवाय थिएन
यसरी प्रस्तुत भयो
म समक्ष
मैले पाएको राजनीतिक स्वतन्त्रता।

दिनको उज्यालोमा न्यायको लास बोकेर
केही ठालूहरू विदेशतिर गए
दिनको उज्यालोमा मैनबत्ती बालेर
केही नागरिकहरू अदालततिर गए
जब सबै बाटो छेकियो मेरो निम्ति
हातको कलम लिएर म आएँ मेरो शहरमा
जब आएँ शहरमा
मतिर आए केही साहूजीका प्रश्नहरू
केही हाकिमका प्रश्नहरू
केही पुलिसका प्रश्नहरू
केही पार्टीका प्रश्नहरू
केही संविधानका प्रश्नहरू
प्रश्नहरूको माझमा जब मैले
गोड्न खोजें स्वाभिमानका गराहरू
मृत अवस्थामा प्रस्तुत भयो
मैले पाएको राजनीतिक स्वतन्त्रता।

# सम्भव छ त युवा बिनाको समृद्धि !



सञ्जय घिमिरे

'समृद्ध नेपाल सुखी नेपाली'को सुन्दर नारा भट्याइरहँदा देशको विकास उन्नति र समृद्धिका संवाहक युवा जमातलाई यो नाराले अलिकति पनि छुनसकेको जस्तो देखिंदैन । सरकारले सुनौला रुमानि सपनाका मिठा पुलिन्दा बाँडिरहँदा युवाहरु अन्धकार भविष्यबाट त्रसित र भयभित भैरहेको यो कस्तो डरलाग्दो र असमाञ्जस्यपूर्ण समय हो ! सामान्यतया १६ वर्षदेखि ४० वर्षसम्मको भर्भराउँदो जोश जांगर वैश, बल युक्त उमेर समूहलाई युवा भनिन्छ । के यो जमात समृद्ध नेपाल होला, बन्ला र सुखी नेपाली भएर मर्न पाइएला भन्ने कुरामा विश्वस्त छ त ? अहिलेको अवस्था हेर्दा त यस्तो आशा र विश्वास युवालाई मात्र हैन आम जनता कसैमा पनि जीवित भएको भान हुँदैन । यो सतिले सरापेको देश हो । यो बन्दै बन्दैन, कहिल्यै बन्दैन भन्नेहरुलाई दलहरुका गतिविधिले पुष्टि गर्दै गए जस्तै लाग्छ । देश र जनतामुखिभन्दा पनि सत्तामुखी राजनीतिको कारण यी कसैका भरिया र आदेशपालक मात्रै पो हुन कि भनेर शंका गर्न सकिन्छ । एकातर्फ राष्ट्रले विकास समृद्धिको खाका बनाउँदै छ, अर्कोतर्फ जसको लागि विकास जरुरी हो, जो संलग्न हुनु पर्ने हो र जसले योगदान दिने र लाभ लिने हो, त्यही युवा जमात आफ्नै भविष्यदेखि त्रसिएर, कहाँ जाउँ र के गरौंको हालमा कुहिरोको काग झैं रुमलिइरहेको छ । देश निर्माणको मुख्य शक्ति युवाहरुमा भविष्यप्रति उत्साह, आशा, चिन्तन र चासोभन्दा बढी भय किन सिर्जना भैरहेको छ त ? कसरी आशाको दियो जलाउन सकिएला, आउनुस यी विविध पक्षको चर्चा गरौं !

१२ कक्षा पास हुँदा नहुँदै पासपोर्ट बनाउने र भाषा कक्षाहरुमा विद्यार्थीहरुको लहर हेर्ने हो भने सजिलै भिसा पाउने हो भने स्वेच्छाले देशमा बस्ने भनेका ६० कटेका बाआमा मात्रै हुन्छन कि जस्तो लाग्दछ । अहिले कलेजमा भन्दा भासा कक्षामा विद्यार्थीको चाप धेरै छ !

हरेक वर्ष ४-५ लाख युवा जनशक्ति श्रमबजारमा आउँछन् । विडम्बना भनौ पछिल्लो तथ्यांकलाई हेर्दा २०८१ मा ८ लाख १० हजार १ सय ८ युवा श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गएका छन्, जसमध्ये कतार, साउदी, युएइजस्ता खाडी मुलुक जानेहरु ५ लाख बढी छन् । बेरोजगारहरु मात्रै हैन देशमै राम्रै पद र प्रतिष्ठा कमाएकाहरु पनि सबै छोडेर यो लहरमा मिसिरहेका छन् । यसरी व्यापार, व्यवसाय, जागिर, उद्यम, गरिरहेका पनि हिंड्नुका पछाडिका कारणहरु खोज्न ढिला भैसक्यो ।

पछिल्लो एक वर्षमा अध्ययन भिसामा विदेशिने १ लाख बढी छन् । के ति सबै नेपालमा चाहेको विषय पढ्न नपाएर गएका हुन त ? त्यसो हैन यो त भिसा प्राप्त गर्ने माध्यम मात्रै हो, ९०% को हकमा । अनि आएको १ महिनामै काम नपाएर बिजोग भयो भन्दै रुवाबासि गर्नेहरु टन्नै छन्, विशेष गरेर कोरिया जापानमा । अचेल एयरपोर्टको दृश्य हेर्ने हो भने सिंगो देश नै विदेश हिंडिरहेको त छैन भन्ने भान हुन्छ । कुनै बेला गाउँबाट शहर छिरेकाहरु गाउँ फर्किन भुले, गाउँहरु रित्तिदैंछन्, त्यसैगरी शहर छोडेर विदेशिनेहरुमध्ये युरोप अमेरिका जाने साथै पछिल्लो समय कोरियाले समेत भिसा थप सजिलो बनाउँदै जाँदा त्यहाँ पुगेकाहरु पनि फर्किने संख्या घट्ने पक्का छ । यस्तै अवस्था रहिरहे देश छिट्टै वृद्धाश्रम मात्रै बन्ने त हैन, गम्भीर प्रश्न हाम्रो सामु छ ।

**यसको पछाडिका कारणहरु के-के हुन सक्छन् त ?**

ठुल्ठुला भाषण, कायापलट हुने खालका परियोजनाका सपना बाँड्ने, सुशासन कायम गर्ने जनताले अनुभूति गर्ने गरी कार्यसम्पादन गर्नुको सट्टा एकपछि अर्को काण्डमा नेताहरु मुछिने र तिनकै ढाकछोप र आरोप प्रत्यारोपमा जनता अल्मल्याउने घिनलाग्दो राजनीति, नातावाद र कृपावाद हावी, चरम भ्रष्टाचार, जुनसुकै ठाउँमा चरम राजनीतिक हस्तक्षेप हुनु । जनताका सेवकभन्दा पनि शासक जस्ता जनताको कर चुसेर ढाडिएका जुका जस्ता सरकारी कर्मचारी तिनको सेवा प्रवाह र व्यवहार, जतासुकै बेथितिका समाचार मात्रै, अनुदान र ऋणको भरमा चलिरहेको संघ, प्रदेश र स्थानीय सरकार, पुँजीगत खर्च वृद्धि गर्न नसक्नु, मूल्यवृद्धि नियन्त्रण बाहिर, दलाल र व्यापारीको हितमा र हातमा सरकार, झोलामा फर्म हुने, पहुँच हुने र कागज मिलाउनेले अनुदान र लाभ लिने अवस्था, केही गर्छु भन्नेलाई झन्झटिलो प्रकिया, नेताका आसेपासेलाई ठेक्का, तिनकै फाउन्डेसन र एनजिओहरुलाई बजेट, नेपालमा जे पनि गर्ने जसो पनि गर्नेलाई मात्रै ठिक छ । इमान्दार र मेहेनतको मूल्य छैन भन्ने भाष्य निर्माण, जेनतेन कमाएको रकमको कर तिरौं न त भन्दा समेत कष्ट, दण्डहिनता, कमजोर सुरक्षा र पैसा र पावरको पकडमा न्याय, यी त केही प्रतिनिधि कारणहरु मात्रै हुन जसले युवाहरुमा निराशा बढाउन सघाइरहेका छन् ।

कोरोना पछाडि नयाँ व्यवसाय गर्नेहरु तर्सिएका छन् । ६/७% व्याजदरमा ऋण लिएर व्यवसाय गरेका व्यवसायीहरुलाई व्यवसाय बन्द भएको अवस्थामा वित्तीय संस्थाहरुले एकतर्फी व्याज बढाएर १७/१८% सम्म पुराएर उठ्न नसक्ने गरी पलायन गराए सरकार मुकदर्शक बनिरह्यो, कुनै आवश्यक कदम चाल्न सकेन, यो एउटा मुख्य बिन्दु थियो, जसले देशमै उद्यम गर्छु भन्नेलाई हजारपटक सोंच्न बाध्य बनायो । अप्ठेरोमा जो पर्यो पर्यो सरकार अभिभावक बन्न सकेन ।

भ्रष्टाचार हजार, लाख, करोडमा हैन अर्ब र खर्बमा हुन थालेको छ । हरेक योजनामा ठुलै भ्रष्टाचार छ, पोखरा विमानस्थल पछिल्लो उदाहरण हो । हुन त हाम्रो समाज नै भ्रष्टाचारी उत्पादन गर्ने कारखाना जस्तै भएको छ ।

पैसा बाहेक कुनै पनि मान, सम्मान, पदवि, ज्ञान, सीप, क्षमता, पुरस्कार, योगदान, उपलब्धि समाजले देख्दैन अथवा ति नगन्य हुन् । केवल पैसा सर्वेसर्वा भएको छ, अनि घर परिवार समाजको वाहवाही पाउन जसरी भए पनि पैसा कमाउनु पर्ने मानसिक दबाब जोकोहिलाई पर्दछ । इमान्दार कर्मचारीलाई भ्रष्टले २ वर्षमै घर ठड्याएको देखाएर भ्रष्ट बन्न उत्प्रेरित गर्दछन् । यति छिटै कसरी जोडिस भनेर प्रश्न र शंका गर्नुको सट्टा उल्टो भैरहेको छ । पैसा र पावर जो सँग छ उसकै हाइहाइ हुनुको कारण पनि छोटो समयमा धेरै पैसा कमाउने दबाबमा विदेशिए छिटै हुने सपना देख्नेहरु पनि प्रशस्तै छन् ।

समाजले जति ठूलो उद्योग व्यापार गरे पनि शहरमा घर नहुञ्जेल कमाएको ठहर गर्दैन । एक आम नेपालीको जीवन विदेशमा १५/२० वर्ष दुःख गर्यो, जेनतेन एउटा शहरमा घडेरी किन्यो र घर बनाउँदैमा सकिन्छ । घरले खान दिँदैन व्यवसाय उद्यम हुन्न अनि फेरि उही दुःखको कथा सुरु । कमाएको पैसा व्यापार व्यवसाय उद्योगमा लगानी गरेर पुँजी वृद्धि गर्नेतर्फ न त घरपरिवारको ध्यान छ न समाजले प्रोत्साहन गर्छ, न त सरकारलाई नै चासो छ । नेपालमा बसेर व्यवसाय गरिरहेका प्रायःले नयाँ मान्छेले केही गर्न खोजे प्रोत्साहन र हौसला दिँदैनन्, उल्टै म त किन गरेछु भन्ने भा छु, यहाँ त फस्ने मात्रै हो । कामै छैन, बरु विदेश नै ठिक छ भनेर हतोत्साहित मात्रै गर्छन्, आफूले राम्रै कमाएकाहरु समेत ।

अहिले नेपाली नपुगेको देश छैन र नगरेको काम छैन, त्यहां अत्याधुनिक प्रविधि सिक्ने अवसर समेत पाएका छन् । ति योग्य दक्ष नेपालीहरुलाई देशमै कृषि, उद्योग, सेवा, व्यापार, पर्यटन जस्ता क्षेत्रमा फर्काउन सक्ने हो भने देशले विज्ञान, प्रविधिको प्रयोग गरेर छोटो समयमै उल्लेख्य प्रगति गर्न सक्छ । धन र सीप दुबै लिएर फर्केका युवाहरुलाई गतिलो परामर्श र मार्गनिर्देशनसहित सरल र सहज वातावरण निर्माण गर्ने सरकारी नीति र छुट्टै निकाय समेत हुने हो भने अर्थतन्त्र उकास्न र उद्यमशिलता विकाससँगै रोजगारी सिर्जनामा समेत प्रभावकारी काम गर्न सकिन्छ ।

हरेक पालिकाले आफ्नो पालिकामा उत्पादन गर्न सकिने कृषि उपज अथवा अन्य उत्पादनको सूची बनाएर लगानी गर्न प्रेरित गर्ने र बजार व्यवस्थापनमा सहजीकरण गर्ने, उचित मूल्य निर्धारण गरेर आफ्नो ठाउँमा उत्पादन हुने समान बाहिरबाट आयात नगर्न व्यापारीहरुलाई प्रोत्साहन गर्ने हो भने कैयौं युवा उद्यमी बन्न सक्छन् । सहज कर्जा केही अवधि तोकेर निर्व्याजमा व्यवसायिक कर्जा(बिउ पुँजी) अथवा न्यूनतम दरमा कर्जा उपल्बध गराउने, व्यवसायिक कृषकलाई सिँचाइ बिउ मल र बजारीकरणमा सघाउने यति त पालिकाहरुले पनि गर्न सक्छन नि । तर कमिसन नआउने यस्ता काममा ध्यान कस्ले दिन्छ र ।

सरकारले लहडको शिक्षाभन्दा पनि कस्तो जनशक्ति कति आवश्यक पर्छ देशलाई सोहिअनुसारको अनुमानित कोटा निर्धारण गरेर जनशक्ति तयार गर्ने साथै समय सापेक्ष सजिलै अन्तर्राष्ट्रिय बजारमा बिक्ने सक्षम र सीपयुक्त दक्ष जनशक्ति उत्पादनको लागि पाठ्यक्रममा व्यापक परिमार्जनसहित सीपमूलक शिक्षा लागू गर्नु पर्दछ । कोरा ज्ञान मात्रैको शिक्षा प्रणालीले बेरोजगार मात्रै उत्पादन गर्दछ । मान्छेलाई कुरौटे मात्रै बनाउँछ अनेकानेक तर्क गर्न सक्ने, काम गर्ने न कुनै ढंग न सीप न जांगर नै, त्यसैमा समाजले पढेलेखेकाले जागिर खाने हो कृषि, उद्यम व्यवसाय गर्ने हैन भन्ठान्ने जागिरे सामाजिक मनोविज्ञानको असर पनि राम्रै परेको छ ।

अब काम गर्दै, कमाउँदै पढ्दै गर्न सकिने खालको वातावरण र शैक्षिक कार्यक्रम बनाउनु पर्छ । यो वर्ष सरकारले नीति तथा कार्यक्रममा कमाउँदै पढ्दै, सरकारी कार्यालयमा इन्टर्नसिप साथै जेन्जि पुस्ता र स्टार्टपप्रति थोरै भए पनि चासो देखाएको देखियो । कार्यान्वयन गर्न सक्ने हो भने भविष्यमा थप विस्तार र प्रभावकारी बनाउन यो सुरुवात महत्वपूर्ण हुनसक्छ ।

विदेशबाट फर्किएकासँगै फर्किन चाहनेलाई प्रोत्साहन गर्न रिटर्नी केन्द्रित नीति तथा कार्यक्रम बनाएर देशमै गर्न सकिन्छ है भन्ने माहौल सिर्जना गर्न सकिन्छ । युवा उद्यमीलाई कम्पनी दर्तादेखि निश्चित समयसम्म कर छुटसम्मका आकर्षक प्याकेजमार्फत् सम्बोधन गर्ने हो भने युवाहरुलाई उद्यमशिलतासँग जोड्न र विदेश पलायन रोक्न सकिन्छ । देशमा उत्पादन हुने बस्तु गुणस्तरीय र विदेशी बस्तुसँग प्रतिस्पर्धी बनाउन सकिने विकल्पहरुको खोजी गर्नुका साथै जनतालाई पनि स्वदेशि वस्तुको उपभोग गर्न प्रेरित गर्नु पर्दछ । त्यसो भयो भने मात्रै हामी आत्मनिर्भर बन्न सक्छौं र पैसा बाहिरनबाट समेत रोक्न सक्छौं । कोरियामा देशभित्र उत्पादन हुने हरेक बस्तु ठुला अक्षरमा 'स्वेदशी उत्पादन' भनेर लेखिन्छ र जनताले पनि सके सम्म स्वदेशी वस्तुको प्रयोग गर्छन् यस्तो अभ्यास हामीले पनि गर्नुपर्दछ जस्को लागि उत्पादकले गुणस्तरमा सम्झौता नगर्ने र सरकारले कडा निगरानी र नियन्त्रण जरुरी हुन्छ ।

अहिले श्रम स्वीकृति लिएरै नेपालमा श्रम गर्ने चिनियाँ, भारतीयलगायत देशका नागरिक हजारौंको संख्यामा छन्, जसमा अनौपचारिक रुपमा श्रम गर्ने भारतीयको संख्या लाखमाथि नै होला । सामान्यदेखि प्राविधिक हरेक काम र व्यवसायमा समेत भारतीयहरुले नेपालमै लाखौं कमाएका छन्, तर हामी सानो र ठूलो कामको संकुचित मनोविज्ञान बोकेर विदेशिरहेका छौं ।

वास्तवमा हाम्रो देशले आफूसँग भएको सक्रिय जनशक्तिको लाभ लिन सकेको छैन । अहिलेको समयमा मानव संसाधन पर्याप्त हुनु देश विकासको लागि सवल पक्ष हो । समय अनुकुल त्यसको विकास गरी समग्र देशको विकास र उन्नतिमा प्रयोग गर्न सक्ने हो भने सजिलै अपेक्षित उपलब्धि हात पार्न सकिन्छ, तर हाम्रो देशका शासकहरु माल भएर पनि चाल पाइरहेका छैनन्, फलतः आश्रित जनसंख्या धेरै भएका देशले सहज भिसा र कार्डको प्रलोभनमा युवाहरु भित्र्याइरहेका छन् । हामी भने युवा निर्यात गरेर आएको रेमिट्यान्समै मख्ख छौं । अबको २०-३० वर्ष देशले सक्रिय जनशक्तिको प्रयोगबाट देश विकासमा उल्लेख्य लाभ लिन सक्छ, तर त्यतापट्टी खासै ध्यान पुगेको देखिंदैन । सरकार अब युवाभन्दा पनि युवाका उत्पादनलाई विश्व बजारमा पठाउने योजनासहितका कार्यक्रममार्फत् अभिभावकीय भूमिकामा प्रस्तुत हुने हो भने यो विषम परिस्थितिलाई चिरेर आशाको सञ्चार आम युवा र नागरिकमा हुन सक्दछ । जसले चलिरहेको विदेशिने लहरको क्रमभंगता हुनुका साथै देशको अर्थतन्त्र पुनरुत्थानसँगै उद्यमशिल घर, परिवार, समाज र देश निर्माण गर्न मन वचन र कर्मले युवाहरु नै अग्रपंक्तिमा उभिनेछन् भन्नेमा दुविधा छैन ।

*» पाणिनि -५ अर्घाखाँची*

---

## जथाभावी...

जेठमा सबै पालिकाले ठेक्का लगाउँदा सबैतिर राम्रोसँग अनुगमन गर्न नभ्याइएको स्वीकार्दै उनले यस्तो बेथिति रोक्न खोलाको ठेक्का प्रकृयामा आमूल परिवर्तनको वहस आवश्यक भएको जनाए ।

जिल्ला प्रहरी कार्यालय रूपन्देहीका प्रमुख एसपी प्रदिप क्षेत्रीले वरिष्ठ सई प्रकाश रावतलाई घुमुवाको रूपमा परिचालन गरेर खोलाहरुमा भइरहेको मनपरी र चोरीलाई संरक्षणको भूमिका खेलेको आरोप छ । एसपी क्षेत्रीले नियमित अनुगमन गर्दा प्रहरीलाई बेवास्ता गरेको आरोप लगाइएको बताए । 'हामीले सबै ठाउँमा अनुगमन गरेका छौं, कहाँ समस्या भएको छ, प्रहरीलाई सूचना दिएर नागरिकले सहयोग गर्नुपर्‍यो ।'-उनले भने । मंसिरमा लगाउनुपर्ने ठेक्का जेठमा लगाउँदा समस्या भएको उनको भनाइ छ ।

**ठूलो परिमाणमा माटो समेत उत्खनन्**

तिलोत्तमाको पश्चिम पहुनीस्थित तिनाउ नदीबाट ठेकेदारले ठूलो परिमाणमा माटो खनेर बाहिर थुपारेका छन् । नदीजन्य पदार्थ उत्खनन्को कार्यादेशमा माटो निकाल्न पाइने उल्लेख छैन ।

तर अनुगमन गर्ने निकाय रमिते बन्दा मापदण्डविपरीत गहिरो खनेर ढुंगा गिट्टी मात्र नभई माटो समेत निकालिएको छ ।

तिलोत्तमा ४ को तिनाउ नदीमा ठेकेदारले मापदण्डविपरीत गहिरो खाडल हुने गरी ढुंगा गिट्टी निकालेको देखेपछि प्रमुख जिल्ला अधिकारीले कारबाही गर्नुको साटो खाल्डो पुर्न लगाएर गल्ती ढाकछोप गराएको स्थानीय गणेश दाहालले बताए ।

'एक त अनुगमन नै छैनभन्दा हुन्छ, जनताले दबाब दिएपछि एकछिन हुने झाराटराई अनुगमनमा गल्ती देखेपछि कारबाही गर्नुको साटो खाल्डो पुर्न लगाएर जोगाउँछन्,' दाहालले भने-'राज्य पक्षले नै कडाइ नगर्ने हो भने ठेकेदारको मनोमानी रोकिँदैन ।'

दाहालले त्यहाँबाट राष्ट्रिय आयोजनाका लागि बुटवल १८ मा घाटगद्दी गर्नुपर्ने ढुंगा, गिटट्री, बालुवा टिप्परले अन्यत्र लैजाने गरेको बताए ।

**रास्वपाको छुट्टै अनुगमन**

रुपन्देहीका नदी र खोलामा जथाभावी उत्खनन् र चोरी निकासी रोक्न समाजवादी मोर्चा, रास्वपा र राष्ट्रिय जनमोर्चाले सम्बन्धित सरकारी निकायको ध्यानाकर्षण गराएका थिए । दलहरुले स्थानीय तह, ठेकेदार र क्रेसर उद्योगीको मिलेमतोमा जथाभावी उत्खनन् र चोरी निकासीले प्रश्रय पाएको आरोप लगाएका थिए । रास्वपाले प्रमुख जिल्ला अधिकारी बासुदेव घिमिरेलाई ज्ञापनपत्र नै बुझाएर तत्काल जथाभावी दोहन र चोरी रोक्न माग गरेको थियो । तर दलको मागअनुसार नियमित र प्रभावकारी अनुगमन नभएको भन्दै रास्वपाले बिहीबारदेखि स्थानीय नागरिकको सहभागितामा जनस्तरको अनुगमन सुरु गरेको रास्वपा रुपन्देही ३ का सभापति मधु अर्यालले बताए ।

'खोलामा मनपरी दोहन र चोरी निकासी नरोकिएको स्थानीयको गुनासो थेग्न नसकेपछि प्रदेश उपसभापति शालिकराम घिमिरेको नेतृत्वमा नागरिक सहभागितामा पार्टीले पनि अनुगमन शुरु गरेका छौं,' अर्यालले भने-'सीडीओ र एसपीले जथाभावी दोहन र चोरी निकासी नरोक्ने हो भने हामीलाई सुरक्षा देऊ हामी रोक्छौं भनेर सीडीओलाई भनेका छौं ।' विपक्षी दल र नागरिकले दबाब नदिएसम्म सरकारी अनुगमन टोलीले स्वतःस्फुर्त नियमित अनुगमन नगर्ने प्रष्ट देखिएको उनले बताए ।

**गत वर्ष हरेक उत्खनन् स्थलमा ५ जना सुरक्षाकर्मी तैनाथ थिए**

गत वर्ष तत्कालीन प्रजिअ गणेश अर्यालले प्रत्येक उत्खनन् र घाटगद्दी स्थलमा २ जना जनपद,२ जना सशस्त्र र एक जना नगरप्रहरी गरी ५ जना सुरक्षाकर्मीको टोलीले नियमित गस्ती गरेकाले मापदण्डविपरीत अवैध उत्खनन् र चोरी निकासी धेरै हदसम्म नियन्त्रण भएको थियो ।

'हरेक ठाउँमा सुरक्षाकर्मी तैनाथ भएपछि जथाभावी दोहन र चोरी निकासी स्वतः रोकिन्छ, सुरक्षाकर्मी नियमित तैनाथ नगर्नु भनेको मनपरी गर्न छुट दिनु नै हो,' तिलोत्तमाका पूर्व नगरप्रमुख बासुदेव घिमिरेले भने-'यसपटक धेरै बेथिति भयो भनेर दिनहुँ फोन आइरहेको हुन्छ, तर प्रभावकारी अनुगमन भएको छैन, नहुँदा राज्य पक्षमाथि ठेकेदारसँग मिलेमतोदेखि अनेक आशंका उब्जिनु स्वभाविक हो ।'

उनले आफ्नो पालामा ढुंगागिटट्रीको विषयमा विवाद हुँदा उच्च तहका कर्मचारीलाई बर्खास्त गरेको स्मरण गराए ।

खोलाहरुमा मनपरी दोहन र उत्खनन् रोक्न अख्तियार दुरुपयोग अनुसन्धान आयोगको भूमिका बढाउनेदेखि उत्खनन् र ढुवानीका मापदण्डहरु परिवर्तन र सर्वपक्षीय स्वतन्त्र निकायबाट नियमित अनुगमन हुनुपर्ने रुपन्देहीका पूर्व प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको सुझाव छ । उनले खोलाको ठेक्कामा सबैभन्दा बेथिति पालिकाबाटै हुने गरेको औंल्याए ।

## पकेट...

उत्पादनलाई बजारसम्म पुर्‍याउन कठिनाई हुँदा बिचौलियाहरुले चलखेल गरेकोले किसानहरु मर्कामा पर्ने गरेको गुनासो गरेका उनीहरुले गरेका छन् । आफैँले गरेको उत्पादन बजारसम्म पुर्‍याएर बिक्रीवितरण गर्ने गरेको र यसबाट मकैको मूल्य अपेक्षा गरे बमोजिमको पाउने गरेको किसानहरु बताउँछन् । तर, बजारसम्म पुर्‍याउन ढुवानीको साधनको अभाव भएकोले कृषकहरुको हितलाई ध्यानमा राखेर सरकारले बजारीकरणमा समेत सहयोग गर्नुपर्ने उनीहरुको माग छ । त्यस्तै जोताई खर्च महङ्गो भएकाले एउटा ट्र्याक्टर अति आवश्यक रहेको गैरेले सुनाए ।

त्यस्तै संघीय सरकारबाट सशर्त रूपमा आउने पकेट क्षेत्रका रुपमा सञ्चालन गर्नको लागि आउने बजेटबाट बुटवल १५ मा मेवाको पकेट क्षेत्र निर्माण गरी यो वर्षदेखि नयाँ काम सुरुवात गरेका लिला आचार्यले मेवा फूल खेल्ने अवस्थामा पुगेको र नगरको कृषि प्रमुखले निरन्तर सहयोह गरेको बताए । 'दुःख गरेका छौं, ३ कठ्ठामा मेवा लगाएका छौं । फूल फूलेको देख्दा आशा त लागेको छ, खै प्रतिफल कस्तो आउने हो ?' - आचार्यले भने ।

यस्तै, उन्नत जातको बिउ उत्पादन गर्ने गरी बुटवल उप-महानगरले सिम्रिक कृषि सहकारी संस्थालाई पकेट निर्माणका लागि जिम्मा दिएको छ । यो सहकारीमार्फत् अहिले बुटवलमा आवश्यक गहुँ र धानको बीउमा आत्मनिर्भर बनेको छ ।

बीउ उत्पादन, भण्डारण, प्रशोधन र बजारीकरणको योजना बनाएर काम शुरु गरेको यो सहकारीमा वडा नं. १७, १८ र १९ का ३ सय ७४ जना सदस्य आबद्ध रहेका छन् । अहिले वार्षिक ३ सय ५० मेट्रिक टन बीउ उत्पादन गरेको सहकारीका अध्यक्ष टोपनारायण घिमिरे बताउँछन् । 'बुटवलमा आवश्यक बीउ सबै हामीले उत्पादन गर्नसकेका छौं, ठूलो बीउ भण्डारणको खाँचो छ, दीर्घकालीन योजना बनाउन सरकारले ध्यान दिनुपर्छ, सबै किसानको साथ छ ।'- उनले भने ।

धान गहुँको बीउ उत्पादन कार्यक्रमले करीब धान र गहुँमा मात्रै ५ सय मेट्रिक टन गहुँ र धानको बीउ उत्पादन गरेर बीउमा आत्मनिर्भर बनेको बुटवल नगर कृषि शाखाले जानकारी दिएको छ । त्यस्तै वडा १५ र १६ मा व्यावसायिक फूलखेती, १८ मा प्याजमा पकेट क्षेत्र कार्यक्रम, १४, १५ र १८ मा मेवाको पकेट क्षेत्र निर्माण गरी काम गरेको बुटवल उप-महानगरपालिका कृषि शाखा प्रमुख सन्तोष जिसीले जानकारी दिए ।

'विभिन्न किसिमका कृषि, औजार, उपकरण यन्त्र उपकरणदेखि गोष्ठी भ्रमण, माटो जाँचका कार्यक्रमहरुदेखि लिएर सम्पूर्ण कुरा हामीले सहयोग गरेर ५०/ ५० प्रतिशत अनुदानमा कार्यक्रम सञ्चालन लागत सहभागितामा सञ्चालन गरिएको छ ।'-उनले भने ।

नेपाल सरकारबाट सूचीकृत भएका बालीका जातहरूलाई मात्र सिफारिस गर्छ । बजारीकरण गर्न बुटवल कृषि थोक बजार र कृषक सहकारीले सहजीकरण गरेको, तरकारी फलफूल, मसला र बिउमा प्रतिकिलो ३ रुपयाँ उत्पादनमा अनुदान दिएको छ ।

यो वर्ष ८६ जना कृषकले करिब २ लाख ४३ हजार ६८४ सफ्टवेयरको आधारमा सही मूल्याङ्कन गरेर रकम सम्बन्धित कृषकलाई सहकारीमार्फत् चेक हस्तान्तर गरेको छ ।

नगरले किसानलाई अनुदानमा बीउ तथा उपकरण प्रदान, फसल धितो राखेर अनुदान, जग्गा भाडामा लिएर खेती गर्नेलाई अनुदान, कौसीमा तरकारी खेती, जैविक मल र सहरी कृषि प्रवर्धन अभियान सञ्चालन भएको छ ।

किसानका घरदैलोमारहेकावडाकार्यालयहरुबाट नै अनुदानको मल वितरणका लागि उप-महानगरपालिकाले स्वीकृती दिएको छ । जथाभावी रसायनिक मलको प्रयोगमा बन्देज लगाइएको छ । जैविक खेतीका लागि जैविक मलको उत्पादन गर्न पनि उपमहानगरले अनुदानको व्यवस्था गरेको छ ।

तीबाहेक बाँझो जग्गाको सदुपयोग गर्नेगरी जग्गा भाडामा अनुदान, उत्पादनमा आधारित कार्यक्रम, व्यवसायिक तरकारी उत्पादन पकेट क्षेत्र विकास कार्यक्रम, व्यवसायिक मौरीपालन, फलफूल बगैंचा स्थापनाका लागि सामूहिक खेती, कृषि औजार उपकरणमा अनुदान, कौसीमा तरकारी खेती कार्यक्रम, 'एक स्थानीय तह, एक उत्पादन' जस्ता कार्यक्रमले बुटवलको कृषि क्षेत्र कायापलट भएको छ ।

किसानले खेती गर्ने समय, मल र बीउको प्रयोग गर्ने तरिका जानेका छन् । उत्पादन धेरै गर्ने र उत्पादन भएको वस्तुको धेरै प्रतिफल पाउने गरी बजार खोज्ने बानी विकास भएको छ । बुटवल उप-महानगरपालिकामा सुरु भएको पकेट खेती कार्यक्रमले किसानले उत्पादन र बजारीकरणसम्मको जानकारी पाउन सकेका हुन् । पकेट खेती कार्यक्रमले किसान उत्साहित भएका छन् । जमिनको खण्डिकरण र जमिन बाँझो राख्ने प्रवृत्तिले कृषियोग्य भूमी वर्षेनी घट्दै गइरहेको बेला कृषि उत्पादनलाई प्रतिफलमुखी बनाउन उप-महानगरपालिकाले पकेट क्षेत्र कार्यक्रम अघि बढाएको हो ।

मानव सभ्यताको विकासक्रमसँगै परम्परागत रुपमा खेतीपातिको सुरुवात जीवन निर्वाह तथा जीवन सञ्चालनको निम्ति कृषि नभई नहुने कुरा हो । कृषि नेपालको लागि मुख्य पेशा भए पनि यतिबेला यो देश वार्षिक रुपमा खाद्यान्न आयत गर्नु पर्ने अवस्थामा रहेको छ । शहरी क्षेत्रमा साना-साना जग्गा बाँझो राखेर कृषिमा परनिर्भरता बढिरहेको बेला बुटवल उपमहानगरले सञ्चालन गरेको सहरी कृषि प्रवर्धन कार्यक्रम प्रभावकारी बन्दै गएको बुटवल उप-महानगर प्रमुख खेलराज पाण्डे बताउँछन् ।

**मोटरसाइकल हराएको सूचना**

मेरो निम्न विवरण भएको मेटरसाइकल यही मिति २०८२।०२।२१ गते दिउँसो ४:४५ देखि ८:१५ बजेको समयमा बुटवल-९ लुम्बिनी प्रादेशिक अस्पतालको आकाशे पुलदेखि तल पार्किङ् स्थलबाट हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला ।

**नाम:** कपिल पन्थ
**मोडल, रङ र बनेको साल :** बजाज पल्सर 220, 2024, कालो, रातो
**चेसिस नं. :** MD2A13EXXRCA-80571
**मोटरसाइकल नं.:** लु.प. 01-001 प 4502
**इन्जिन नं. :**DKXCRA-16304
**ठेगाना :** गुल्मी छत्रकोट-४, हाल बुटवल-११ देवीनगर, रूपन्देही
**सम्पर्क नं.:** ९८६७१७९७६५

**सरावल गाउँपालिकाको अनुरोध**

डेंगु नियन्त्रणका उपायहरु

- झुल लगाएर सुत्ने ।
- लामखुट्टेको टोकाईबाट बच्ने ।
- पानी जम्न नदिने, लामखुट्टे प्रजनन स्थलहरु हटाउने,
- जस्तैः इन्डोर र बाहिरी पानी बेसिनहरु ।
- सबै पानी ट्याङ्कीहरु सफा गरेर कभर गर्ने ।
- लामो बाहुलाको कपडाले शरीर छोप्ने ।
- घर कोठामा भएका झ्यालको जालीमा भएका प्वालहरू टाल्ने ।
- लामखुट्टे हटाउने औषधी प्रयोग गर्ने ।

**सरावल गाउँपालिका**
गाउँ कार्यपालिकाको कार्यालय, (बसुप), नवलपरासी

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्क:
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्क:
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३



**तरकारीखेती:**
दाङको घोराही उप-महानगरपालिका-१८ स्थित अखबरेमा स्थानीय लालप्रसाद रोकाले एक बिघा जग्गामा गरेको व्यवसायिक तरकारीखेती। तस्विरः कुलदीप न्यौपाने / रासस

# उप–मेयर कप खुल्ला नकआउट भलिबल प्रतियोगिता सुरु



तिलोत्तमा। रुपन्देहीको तिलोत्तमा नगरपालिकामा उपमेयर कप खुल्ला (पुरुष-महिला) रनिङशिल नकआउट भलिबल प्रतियोगिता सुरु भएको छ।

तिलोत्तमा नगरपालिकाको वार्षिक कार्यक्रमअन्तरगत आयोजित प्रतियोगिताको उद्घाटन गर्दै उप-प्रमुख जगेश्वर देवी चौधरीले खेलकुद क्षेत्रको विकास र दक्ष खेलाडी उत्पादन गर्ने उद्देश्यले पालिकाले खेलकुदका कार्यक्रमलाई निरन्तरता दिँदै आएको बताइन् । खेलकुदमार्फत् आपसी भाइचारा र सम्बन्ध स्थापित गर्दै यस क्षेत्रबाट पनि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा खेलाडीलाई चिनाउन खेलको आयोजना गरिएको उप-प्रमुख चौधरीले जनाइन् ।

उद्घाटन समारोहमा वडा नम्बर ६ का अध्यक्ष गणेश पाठकले नगरपालिका युवा मैत्री बनाउनका लागि युवाहरुलाई खेलकुदमा जोडन जरुरी रहेको बताए । उनले तिलोत्तमा नगरपालिकाले गरेका विभिन्न गतिविधिले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा परिचित भैसकेको अवस्थामा अब खेलकुदबाट पनि परिचित हुने गरी वातावरण बनाउनका लागि यस्ता प्रतियोगिताले महत्वपूर्ण योगदान मिल्ने धारणा राखेका थिए।

नगर खेलकुद विकास समितिका अध्यक्ष लोक पुनको सभापतित्वमा भएको कार्यक्रमा शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख गंगाराम आर्चाय, रमा आचार्यलगायतले प्रतियोगिताको बारेमा प्रकाश पारेका थिए।

दुई दिनसम्म सञ्चालन हुने प्रतियोगितामा १३ टीमको सहभागिता रहेको छ। प्रतियोगितामा प्रथम हुनेले ६० हजार नगद , शिल्ड मेडल र प्रमाणपत्र , द्वितीय हुनेले ४० हजार नगद शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ।

त्यस्तै तृतीय हुनेले २० हजार नगद शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछ र सान्त्वना हुनेले १० हजार नगद शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्ने शिक्षा प्रमुख आचार्यले जानकारी दिए।

# मनसुनजन्य विपद्को पूर्वतयारीमा जुटौं : मुख्यमन्त्री



दाङ। लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले मनसुनजन्य विपद्को पूर्वतयारीमा जुट्न सरोकारवाला सबै पक्षलाइ आह्वान गरेका छन्।

लमही नगरपालिका-६, मध्यनगरमा शुक्रबार आयोजित लुम्बिनी प्रदेशस्तरीय एकीकृत अभ्यास हातेमालो-७ कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री आचार्यले मनसुनजन्य विपद्बाट हुने क्षति न्यूनीकरण गर्न पूर्वतयारीलाई चुस्त बनाउन प्रदेश सरकार प्रतिबद्ध रहेको उल्लेख गरे।

'कुनै पनि विपद् पूर्व जानकारी दिएर आउँदैन। त्यसैले हामी जहिल्यै पनि तयारी अवस्थामा रहनु पर्छ,' मुख्यमन्त्री आचार्यले भने-'अहिले गरिने पूर्वतयारीले विपद्बाट हुने क्षतिलाई घटाउँछ। मानिसलाई नयाँ जीवन दिन सघाउँछ।'

उनले विपद् प्रतिकार्यअन्तर्गत खोज तथा उद्धारका लागि चाहिने सामग्रीको अभाव हुन नदिन सरकारले ध्यान दिने स्पष्ट पारे। स्थानीय स्रोत साधनको उपयोग गर्दै आधुनिक उपकरण र सामग्री व्यवस्थापनमा सरकार गम्भीर रहेको, तीनवटै सुरक्षा निकायलाई खोज तथा उद्धारका सामग्री उपलब्ध गराइने जानकारी पनि दिए।

साथै, उनले स्थानीय तह र समुदायसँगको सहकार्यबाट विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन सकिने भएकाले समुदायको सक्रिय परिचालनमा विशेष ध्यान दिइने बताए।

यस वर्ष लुम्बिनी प्रदेश मनसुनजन्य विपद्बाट बढी प्रभावित हुने प्रक्षेपण गरिएको भन्दै प्रदेश सरकारले तयारीलाई उच्च प्राथमिकतामा राखेको छ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको 'मनसुन पूर्वतयारी तथा प्रतिकार्य राष्ट्रिय कार्ययोजना, ०८२' अनुसार यस वर्ष लुम्बिनी प्रदेशमा सबैभन्दा धेरै असर पर्ने देखिएको छ। अनुमानअनुसार लुम्बिनीमा १ लाख १९ हजार ८३० घरधुरीका ५ लाख २३ हजार ६५६ जनसंख्या प्रभावित हुने सम्भावना छ।

गत १० वर्षको तथ्यांकअनुसार लुम्बिनी प्रदेशमा मनसुनजन्य विपद्का १ हजार ६ सय १८ वटा घटना घटेका छन्। ती घटनामा ४५९ जनाको मृत्यु, ६१९ जना घाइते र ३२ जना बेपत्ता भएका छन् भने ८ हजार ३१५ परिवार प्रभावित भएका छन्।

आन्तरिक मामिला तथा कानुन मन्त्रालयका विपद् फोकल पर्सन गंगाधर पाण्डेका अनुसार सबैभन्दा धेरै घटना ०८० सालमा २९२ वटा र सबैभन्दा बढी मानवीय क्षति २०७३ सालमा १०७ जनाको मृत्यु भएको छ।

गत वर्ष लुम्बिनी प्रदेशमा बाढी, पहिरो र भारी वर्षाका कारण ५३ जनाको मृत्यु, ७० जना घाइते, ९ जना बेपत्ता र १०९ परिवार प्रभावित भएका थिए। त्यसबेला करिब ५४ करोड रुपैयाँ बराबरको क्षति भएको थियो।

कार्यक्रममा लमही नगरपालिकाका प्रमुख जोगराज चौधरीले विपद् प्रतिकार्यमा तीनवटै सुरक्षा निकायको साथ र सहयोगले क्षति न्यूनीकरण गर्न टेवा पुगेको बताए।

सो अवसरमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीले 'हातेमालो-७' एकीकृत अभ्यास गर्दै विपद्को बेलाको अवस्था अनुसार खोज तथा उद्धार कार्यमा देखिने व्यवहारिक पक्ष प्रस्तुत गरेका थिए।

कार्यक्रममा लुम्बिनी प्रदेशका प्रमुख सचिव बाबुराम अधिकारी, नेपाली सेना मध्यपश्चिम पृतना हेडक्वार्टरका पृतनापति उपरथी प्रेमबहादुर पुन, प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद लम्साल, नेपाल प्रहरी र सशस्त्र प्रहरीका उच्च पदस्थ अधिकारी, जनप्रतिनिधि, रेडक्रसकर्मी, विद्यार्थी, शिक्षक तथा समुदायका नागरिकहरूको उपस्थिति रहेको थियो।

सो अवसरमा सुरक्षाकर्मी तथा रेडक्रसले खोज तथा उद्धार, प्राथमिक उपचारमा प्रयोग हुने सामग्रीको प्रदर्शनीसहित प्रयोगको विधिबारे जानकारी गराएका थिए।

# मेट्रो अस्पताल र प्याराडाइज हेल्थ केयरबिच सहकार्य




बुटवल । काठमाडौंमा सञ्चालनमा रहेको मेट्रो अस्पताल र बुटवलमा रहेको प्याराडाइज हेल्थ केयरबिच सहकार्य गरी बुटवलमा शाखा कार्यालय स्थापना गरिएको छ।

बुटवलको सुख्खा नगरमा शनिबारदेखि संयुक्त रुपमा सेवा शुरु गर्नेबारे शुक्रबार बुटवलमा पत्रकार सम्मेलन गरी जानकारी गराइएको हो । बुटवलमा शाखा कार्यालय स्थापना गरिएसँगै बुटवलबाट उपचारका लागि काठमाडौं जानु पर्ने बाध्यताको अन्त्य हुने वरिष्ठ मधुमेह रोग विशेषज्ञ डा. किरण आचार्यले बताए । काठमाडौंमा चिकित्सा सेवामा लामो अनुभव प्राप्त वरिष्ठ इन्डोक्राईनोलोजिष्ट डा.ज्योति भट्टराई हरेक ३ महिनामा, इन्डोक्राइनोलोजिष्ट डा.विनय भट्टराई हरेक महिनामा एक पटक र वरिष्ठ मधुमेह रोग विशेषज्ञ डा. किरण आचार्य हरेक सातामा ४ दिन बुटवलको शाखाबाट सेवा दिनेछन्।

यी दुई संस्थाको सहकार्यसँगै अब बुटवलमा डाइबिटीज मधुमेह र थाइराईडसम्बन्धी समस्याको सहज रुपमा सेवा लिन पाउने सेन्टरले जनाएको छ। शुभारम्भका अबसरमा ओपिडी र सुगरको निःशुल्क जाँचको व्यवस्था मिलाइएको प्याराडाइज हेल्थ केयरका सञ्चालक टोपलाल आचार्यले बताए।

विश्व स्वास्थ्य संगठनको तथ्यांकमा साढे ८ प्रतिशत र चिकित्सकका अनुसार ११ प्रतिशत भए पनि वास्तवमा २४ प्रतिशत जनता मधुमेहका रोगी भएको दाबी पत्रकार सम्मेलनमा डा.आचार्यले गरेका थिए।

# सरकारी स्कुलका बालबालिकाहरू जोखिम मोलेरै विद्यालय जानु पर्ने बाध्यता



बुटवल। रुपन्देहीको तिलोत्तमा नगरपालिकालगायत देशैभरीका अधिकांश सरकारी स्कुलमा अध्ययन गर्ने बालबालिकाहरु जोखिम मोलेरै आवतजावत गर्नुपर्ने बाध्यता छ। बोर्डिङ (निजी) स्कुलहरुले घरघर र दैलोदैलोमा पुगी विद्यार्थीहरु ओसारी रहँदा सरकारी स्कुलहरुमा एउटामात्रै बस वा सीमित श्रोत र साधन हुँदा एउटै बसले ४ टिपसम्म गर्नुपर्ने, १० बजे स्कुल जानुपर्नेमा ०८ बजे नै खाना खाएर तयारी हुनुपर्ने र साँझ पनि ४ बजे विद्यालयबाट घर फर्कन पर्नेमा राती ७ बजे मात्र घर फर्किदा नत बालबालिकाहरुले समयमा खाना खान पाएका छन् नत र होमवर्क र पढाइ लेखाई गर्न पाउँछन्।

सरकारी स्कुलका बस चढ्नेहरुको अवस्था यो छ भने साइकलमा स्कुल जानेहरुको अवस्था झन कहाली लाग्दो छ। बैशाख जेष्ठ महिनाको चर्को घाम, साउन भदौको मुसलधारे वर्षा, पुष माघको चिसो सिरेटो यति मात्र कहाँ हो र १० र ४ बजेको पिक आवरमा सवारी साधनहरुको घुइँचो र तिब्र गति, टिपरको कहाली लाग्दो हकाईको त्रास, साइकल चलाएर स्कुल गएका छोराछोरी कतिबेला घर फर्किएलान भनी अभिभावकलाई तनाबैतनाब हुनुको साथै कतिपय दुर्घटनामा परेको दुःखद समाचार समेत सुनिन्छ।

बोर्डिङ(निजी) स्कुलहरुले १०/१५ वटा स्कुल भ्यानर बसहरु घरघर र दैलोदैलोमा पुगी बालबच्चाहरु समयमै स्कुल र घरघरमा पुराउन सक्दा सरकारी स्कुलमा मुस्किलले एउटा मात्र बस भई सरकारी स्कुलका बालबालिकाले अत्यन्त शास्ती पाएको देखिएकोले स्थानीय, पर्देश र संघीय सरकारले शिक्षामा उचित बजेट छुट्याई श्रोत र साधनको व्यवस्था गरी छुट्याइएको बजेट दुरुपयोग भए नभएको सम्बन्धमा अनुगमन गरी राम्रो गर्नेलाई पुरस्कृत र बजेटको दुरुपयोग गर्नेलाई कारबाहीको दारमा ल्याउन सक्ने संरचनाको विकास गर्ने कि...?

वीरबहादुर थापा
» *प्रशिक्षार्थी*

आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !

आइडिया डिजाइनर्स/अफसेट प्रेस

सम्पर्कः
बुटवल–७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः–०७१–५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com